# सिद्धार्थनगर नगरपालिका कार्यालय
## सिद्धार्थनगर, रुपन्देही

प.सं. प्रशासन /०७२/०७३ मिति :– २०७२।११।४
च.नं.

**विषय :– निर्णय उतार पठाइएको सम्बन्धमा ।**

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
नगरपालिका व्यवस्था शाखा
सिंहदरवार ।

प्रस्तुत विषयमा यस कार्यालयको न.पा. वोर्डले मिति २०७२ साल माघ महिनामा गरेको निर्णय उतार तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

**मिति २०७२।१०।११ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

नगरपालिका बोर्ड बैठक प्रमुख एवं कार्यकरी अधिकृत श्री बिष्णुदत्त गौतम ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बस्यो ।

**उपस्थिती :**

श्री बिष्णुदत्त गौतम - प्रमुख/का.अ. सि.न.पा.

आमन्त्रीत

श्री शैलेन्द्र प्रसाद श्रेष्ठ - ब.ई., सि.न.पा.
श्री विवेक कुमार खनाल - ब.अ., सि.न.पा.
श्री गणेश बहादुर क्षेत्री - ब.अ., सि.न.पा.
श्री देव प्रसाद ज्ञवाली - शाखा अधिकृत, सि.न.पा.
श्री श्रीराम गुप्ता - शा.अ. अध्यक्ष, कर्मचारी एशोसिएसन

**निर्णय नं. १**

नेपाल सरकार र एशियाली विकास बैंकको अनुदान तथा ऋण सहयोगमा सिद्धार्थनगर नगरपालिकामा सञ्चालित एकीकृत शहरी विकास आयोजना अन्तर्गत विभिन्न विपन्न वस्तीहरु (नौडिहवा-१, जंगलटोल-२, फुलपुर-२, तुलसीपथ-३, चमारटोल-६, विष्णुपथ-६, भैरहवागाउँ-७, अञ्चलपुर-८, सानोदुमदुमवा-९, रघुनाथपुर-९, बेलवाडीहवा-१०, शंकरपुरडिहवा-१०, नौडिहवा-११, छोटकी पिपरहिया-११, भुजौली-११, डाँडागाउँ-१२, सूर्यपथ-१३) तथा जीपपार्क बेलहिया-१, हाटबजार-५ र १३ मा आ.ब. २०७२।०७३ मा सञ्चालन हुने Small Scale Community Infrastructures कार्यक्रमको लागि NGO द्वारा तयार गरी पेश हुन आएको अनुमानित लागत रु. २,७१,७५,९२२।९२ (मु.अ.कर समेत) स्वीकृत गर्ने र PAM (Project Administration Manual) मा व्यवस्था भए अनुसार सोही शिर्षकको लागि छुट्याईएको स्वीकृत रकम US$ 0.32 million बाट खर्च गर्ने गरी सहमतिका लागि PCO मार्फत ADB मा पठाउने निर्णय गरियो ।



"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**निर्णय नं. २**

माथी उल्लेखीत कार्यक्रमहरुमा PAM (Project Administration Manual) अनुरुप त्यस्ता कार्यक्रमहरुमा सम्वन्धित उपभोक्ताहरुले आयोजना लागतको २०% रकम जनसहभागिता वापत व्यहोर्नु पर्ने व्यवस्था रहेकोमा ती सबै कार्यक्रमहरु अति विपन्न वस्तीहरुमा सञ्चालन हुने र ती विपन्न वर्गबाट जनसहभागिता वापतको रकम व्यहोर्न सक्ने अवस्था नभएको हुँदा व्यक्तिगत शौचालय बाहेकको कार्यक्रममा जनसहभागिता वापतको रकम PAM मा भएको वैकल्पिक व्यवस्था अनुरुप नगरपालिकाले आयोजनाको Matching का लागि छुट्याएको बजेटवाट व्यहोर्ने गरी निर्णय गरियो ।

**निर्णय नं. ३(तिन)**

नगरपालिकाले आयोजना गर्ने सर्वदलिय बैठकमा भाग लिने राजनीतिक दलका प्रमुख/प्रतिनीधिको लागि प्रति बैठक रु ५००।०० (पाँच सय) का दरले बैठक भत्ता दिने निर्णय गरियो ।

**निर्णय नं. ४ (चार)**

सिद्धार्थनगर नगरपालिकाको १९ औं नगरपरिषद्‌बाट निर्णय भए बमोजिम नगरपालिकामा उत्कृत्ष्ठ काम गर्ने कर्मचारीलाई जनही रु ५०००।०० (पाच हजार) का दरले पुरस्कार बापत दिएको रकमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ (पाँच)**

सिद्धार्थ श्रमजीवि पत्रकारिता पुरस्कार निर्देशिका २०७२ बमोजिम सिद्धार्थनगर नगरपालिकाले नेपाल पत्रकार महासंघ, रुपन्देहीको सिफारिशमा यस नगरलाई कार्यक्षेत्र बनाई २०७० र २०७१ मा कार्य गर्ने उत्कृष्ठ पत्रकारलाई पुरस्कार वापत जनही बार्षिक रु ५०००।०० पाँच हजारका दरले २(दुई) जना पत्रकारलाई वितरण गरिएको रकमलाई अनुमोदन गर्ने निर्णय गरियो । साथै पुरस्कृत हुने पत्रकार छनौटका लागि गठित मूल्याङ्कन समितिमा रहेका पदाधिकारीहरु र आमन्त्रीत सदस्यलाई प्रति बैठक जनही रु ७००।००(सात सय) का दरले यातायात र खाँजा खर्च दिने निर्णय गरियो ।

**निर्णय नं. ६(छ)**

सिद्धार्थनगर नगरपालिकाको पदपुर्ति समितिको बैठकमा भाग लिने पदाधिकारीहरु तथा आमन्त्रित सदस्यलाई प्रति बैठक जनही रु १०००।०० (एक हजार) का दरले दिएको बैठक भत्ता अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

नेपाल सरकार र एशियाली विकास बैंकको अनुदान तथा ऋण सहयोगमा सिद्धर्थनगर नगरपालिकामा सञ्चालित एकीकृत शहरी विकास आयोजना अर्न्तगत न.पा. का खण्डाटोला-४, बेलवाडीहवा-१०, छोटकी पिपरहिया-११, भुजौली-११, जेलगार्ड-१२ र कठौतिया-९ का विपन्न वस्तीहरुमा आ.ब. २०७१/७२ का लागि


फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

प्रस्तावित Community Development Program अन्तरगत Small scale Community Infrastructures को स्वीकृत कार्यक्रम सञ्चालनको लागि सम्बन्धित उपभोक्ता समिति संग गरिएको सम्झौताको म्याद ३० अक्टोबर २०१५ मा समाप्त भएकोमा भुकम्प, निर्माण सामाग्रीको अभाव तथा मधेश वन्दको कारण उक्त अवधि भित्र कार्य सम्पन्न हुन नसक्ने देखिएकोले उक्त सम्झौताको म्याद ३० मार्च २०१६ सम्म थप गर्ने गरी न.पा. कार्यालयबाट भएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**मिति २०७२।१०।२१ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

**निर्णय नं. १ (एक)**

सिद्धार्थनगर नगरपालिकाको १८ औं नगरपरिषद्को निर्णय नं २२ बमोजिम नगरपालिकाद्वारा निर्माण गरिएको वार्ड नं. १ बेलहिया भंसार कार्यालयको पूर्वतर्फ निर्माण भएको पसल कवलहरु ३(तिन) बर्षका लागि देहायको न्यूनतम बार्षिक भाडामा नघट्ने गरी भाडा दर कायम गरी भाडामा लगाउने निर्णय गरियो ।

| पसल कवलको विवरण | बार्षिक भाडा रकम न्यूनतम |
|---|---|
| १. पश्चिम मोहडा भएको पसल कवल नं. १,२,३,४,५, र ६ (प्रति कवल) | ८४,०००।-(चौरासी हजार) |
| २. पश्चिम मोहडा भएको पसल कवल नं. ७ र ८ (प्रति कवल) | १,६८,०००।-(एक लाख अडसठ्ठी हजार) |
| ३. उत्तर मोहडा भएको कवल नं. ९ | १,६८,०००।-(एक लाख अडसठ्ठी हजार) |
| ४. उत्तर मेहडा भएको पसल कवल नं. १० | ८४,०००।-(चौरासी हजार) |

**निर्णय नं. २(दुई)**

यस कार्यालयको अधिकृत स्तर छैठौं (प्राविधिक) ईन्जिनियर पदमा कार्यरत श्री जीवन अर्यालले Construction Management बिषयमा MSC तहको अध्ययनका लागि २०७२ फाल्गुण १ गते देखि लागु हुने गरी अध्ययन विदाका लागि दिएको निवेदन उपर कारवाही हुँदा निजको अध्ययन गर्न लागेको बिषय स्थानीय निकायको सेवालाई सेवा उपयोगी हुने देखिएको र संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको च.नं. २०४२ मिति २०७२।९।२३ को पत्रबाट सहमती समेत प्राप्त भैसकेको हुँदा निजले यस अधि १० महिना अध्ययन विदा लिई सकेको देखिएकोले हाललाई स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २४६ (२) र (५) बमोजिम २(दुई) बर्षका लागि वेतलवी अध्ययन विदा स्वीकृत गर्ने निर्णय गरियो ।


फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np